स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



अभिनेत्री केकी अधिकारीले सरकारको शैलीमा असन्तुष्टि जनाएकी छन्। सोमबार साँझ फेसबुकमा "स्टन्टले देश बन्दैन" भन्दै उनले असन्तुष्टि जनाएकी हुन्। "स्टन्टले देश बन्दैन। हरेक दिन कतिवटा रोजगारी सिर्जना गर्न सकियो ? कतिले रोजगारी पाए ? अब जनताले सोध्ने दिन आए," अभिनेत्री अधिकारीले लेखेकी छन्, "खै रोजगारीको प्रत्येक दिनको उपलब्धिको लिस्ट राखौं बरु। त्यस्तो स्टन्टले चाहिँ पक्कै देश बन्ला।

**आजको विचार...**



राजेन्द्र बजगाई

जनताको...

(दुई पेजमा)



अभिनेता जितु नेपालको मुख्य भूमिका रहेको फिल्म "आइएम जीतबहादुर" ले बक्स अफिसमा राम्रो व्यवसाय गर्न सकेन। फिल्मले पहिलो साता ३१ लाख मात्र व्यवसाय गर्न सफल भएको हो। यो अवधिमा फिल्म हेर्ने दर्शक ९ हजार ६२६ मात्र रहेका छन्। भारतीय बङ्गाली निर्देशक सुभेन्दु घोषको कथा तथा निर्देशनमा बनेको फिल्ममा जितुको अलवा वर्षा राउत, प्रियङ्का कार्की, सन्दीप क्षेत्री, देशभक्त खनाल, पवन खतिवडा "बाबा", नीरज नेपाल, अन्सु महर्जन लगायत कलाकारहरुको अभिनय छ।

❒ वर्ष ३१ ❒ अंक ३४७ ❒ २०८३ असार ३१ गते बुधबार 15 July 2026, Wednesday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

**संक्षिप्त समाचार**

## भारी वर्षाका कारण नौ जनाको मृत्यु

(रासस/सिन्ह्वा)

**इस्लामावाद,** असार ३०/पाकिस्तानको उत्तरपश्चिम खैबर पख्तुनख्वा प्रान्तको कोहाट जिल्लामा सोमबार भएको भारी वर्षाका कारण आवासीय घर भत्किँदा कम्तीमा नौ जनाको मृत्यु हुनुका साथै १४ जना घाइते भएको उद्धार अधिकारीहरूले बताएका छन् । उद्धार अधिकारीहरुका अनुसार भारी वर्षाका कारण जिल्लाको लाची क्षेत्रको मालगिन क्षेत्रमा बाढी आई एउटा घर क्षेति ग्रस्त हुँदा २३ जना उक्त घरको भग्नावशेष मुनि फसेका छन् । कोहाट र काराक जिल्लाका उद्धार टोलीहरूले उद्धार अभियान अन्तरगत सबै पीडितहरूलाई भग्नावशेषबाट सफलतापूर्वक उद्धार गरेर उपचारका लागि नजिकैको अस्पतालमा लगेको जनाइएको छ । मृत्यु हुनेहरुमा छ जना महिला र तीन जना बालबालिका रहेको उल्लेख गर्दै घाइते मध्ये केहीको अवस्था गम्भीर भएकाले मृतकको सङ्ख्या बढ्न सक्ने डर रहेको अधिकारीले बताएका छन् । पाकिस्तानका धेरै भागहरूमा आएको मनसुनी वर्षाले निरन्तर बाढी निम्त्याउदा पूर्वाधारलाई क्षति पुग्नुका साथै दैनिक जीवन यापनमासमेत बाधा पुगेको जनाइएको छ ।

# पाल्पामा माओवादी नेताहरुको 'कृषि क्रान्ति'

## सशस्त्र क्रान्तिको सपना विसाएर खेती किसानीमा

रामचन्द्र रायमाझी

**पाल्पा,** असार ३०/सुन्दै आश्चर्य लाग्न सक्छ कुनै समय युद्धका हतियार सहित सशस्त्र जनयुद्धमा होमिएका माओवादी नेताहरु खेती किसानीमा लागेका छन् भन्दा । तर, परिस्थिति फेरिएको छ । हिजोका ती माओवादी योद्धाहरु अहिले युद्धका हतियार होइन, किसानी औजारका साथ कृषि क्रान्तिको अभियानमा लागेका छन् । नेत्रविक्रम चन्द विप्लव नेतृत्वको माओवादी नेताहरू पाल्पासहित देशभर बाँझो जग्गालाई लिजमा लिएर खेती किसानीमा जुटेका छन् ।

यति बेला पाल्पाका माओवादी नेताहरु सशस्त्र युद्धबाट होइन, कृषि क्रान्तिबाट साम्यवादको सपना पुरा हुने भन्दै कृषि क्षेत्रमा सक्रिय बन्दै 'कृषि क्रान्ति' को अभियानमा जुटेका छन् । पार्टीका जिल्ला इन्चार्ज मिन सी, सेक्रेटरी सुकुमार सी, प्रदेश कमिटी सदस्य तथा उत्पादन विभागका प्रमुख आकास सी र संघर्ष सीको नेतृत्वमा यहाँ व्यवसायिक



कृषि हुँदै आएको छ । राजनीतिक गतिविधिसँगै व्यावसायिक कृषि उत्पादनमा उनीहरू सक्रिय छन् । विगत तीन वर्षदेखि उनीहरु धान, गहुँ, आलु जस्ता व्यावसायिक कृषिमा लागेको देखिन्छ । यस अघि गहुँ र आलु भित्र्याइसकेका उनीहरु यति बेला रिब्दीकोट गाउँपालिका-२ लघुवा फाँटमा धान रोपाईंमा व्यस्त छन् । उनीहरु परिवारसहित रोपाईंमा खटिएका छन् । प्राय: औपचारिक कार्यक्रमका भाषण र आन्दोलनका अग्रमोर्चामा देखिने ति नेताहरु अहिले हातमा कोदाली लिएर खेतामा हिलोसँगै रमाएको देख्न सकिन्छ । उनीहरुले वर्षौंदेखि बाँझो रहेको स्थानीयहरुको ८० रोपनी जग्गा लिजमा लिएका छन् । त्यही जग्गामा उनीहरुले धान, गहुँ र आलु लगाउने गरेका छन् । किसानलाई उत्पादनमा प्रेरित गर्ने र आयात घटाइ आत्मनिर्भर हुने उद्देश्यसहित पाल्पामा कृषि क्रान्तिको अभियान चलाइएको नेकपा (माओवादी) पाल्पाका इन्चार्ज मीन सीले बताए । उनले उत्पादनविना राजनीति गर्नु भनेको भ्रष्टाचार गर्नु सरह भएको भन्दै आफुहरु उत्पादनतर्फ लागेको उल्लेख गरे । सीले भने" नेता कार्यकर्ताहरु आत्मनिर्भर भए पार्टी आत्मनिर्भर हुने र कसैसँग चन्दा उठाउन नपर्ने बनाउन हामी लागेका हौं ।" मुलुक कृषि प्रधान देश भए पनि कृषिमा आत्मनिर्भर हुन नसकेको उनको भनाई छ । आयातित तरकारी सहित खाद्यन्नमा कमिसन खाने पुँजीवादीहरूका कारणले यहाँका जनता मारमा परेको उनले बताए ।

*-बाँकी अन्तिम पेजमा...*

# निजी मिडियालाई सरकारी विज्ञापन नदिने निर्णय बदर



**काठमाडौं,** असार ३०/ सर्वोच्च अदालतले निजी क्षेत्रका सञ्चारमाध्यमलाई सरकारी विज्ञापन निषेध गर्ने सरकारको निर्णय खारेज गरिदिएको छ । मंगलबार सर्वोच्च अदालतका न्यायाधीश शारङ्गा सुवेदी र नृपध्वज निरौलाको संयुक्त इजलासले उक्त निर्णय खारेज गर्ने आदेश दिएको हो ।सरकारले निजी सञ्चारमाध्यमलाई सरकारी विज्ञापन नदिने निर्णय गरेपछि नेपाल मिडिया सोसाइटीको अख्तियार प्राप्त अधिवक्ता अनन्तराज लुइटेलले २०८२ साल चैत्र २३ गते अदालतमा मुद्दा दायर गरेका थिए । सरकारले सरकारी सञ्चारमाध्यममार्फत मात्रै विज्ञापन सम्प्रेषण गर्ने निर्णयको चौतर्फी आलोचना हुँदै आएको थियो । सञ्चार क्षेत्रका सरोकारवालाले यस्तो निर्णयले प्रेस स्वतन्त्रता, समान प्रतिस्पर्धा र निजी सञ्चारमाध्यमको आर्थिक दिगोपनामाथि गम्भीर असर पर्ने बताएका थिए । उक्त रिटमाथि मंगलबार फैसला सुनाउँदै न्यायाधीश सुवेदीले पूर्णपाठ तयार भइसकेकोले २ दिनभित्रमा सार्वजनिक गर्ने पनि जानकारी दिएकी छन् । एक साताअघि सकिएको अन्तिम बहसपश्चात् मंगलबार सर्वोच्चले उक्त फैसला गरेको हो । १८ चैतको सचिवस्तरीय निर्णय गरी प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयले सरकारी विज्ञापन तथा सूचनाहरु सञ्चारमाध्यममार्फत प्रकाशन तथा प्रशारण गर्दा नेपाल सरकार, प्रदेश सरकार तथा स्थानिय तह तथा उक्तअन्तर्गतका निकायहरु तथा सार्वजनिक कोष प्रयोग गरी कार्य गर्ने सबै सार्वजनिक निकायहरुले आफ्ना सूचनाहरु गोरखापत्र संस्थान, रेडियो नेपाल, नेपाल टेलिभिजन तथा सरकारी स्वामित्वमा रहेका सञ्चार माध्यममा मात्र प्रकाशन तथा प्रशारण गर्ने निर्णय गरी सबै निकायमा परिपत्र गरेको थियो ।

# वनफूलले सिँगारिएको ढोरपाटन



ढोरपाटन (बागलुङ), असार ३०/ समथर मैदानमा फूलेका थरिथरिका फूल । कतै राता, कतै पहेँला, गुलाबी त कतै बैजनी रङका फूलले यतिबेला यो ढोरपाटन उपत्यका चिटिक्क सिँगारिएको छ । चारैतिर अग्ला पहाडले घेरिएको उपत्यका बर्खायाममा निकै मनमोहक देखिन्छ । फूलैफूलले ढाकिएको ढोरपाटनसँग साइनो गाँस्न दिनहुँ आन्तरिक पर्यटक ढोरपाटन आउने गरेका छन् ।

नेपालको एकमात्र सिकार आरक्ष क्षेत्र पर्ने ढोरपाटनमा पछिल्लो तीन वर्षयता वनफूलले पर्यटकलाई थप आकर्षित गर्न थालेको छ । विसं २०७५ सम्म ढोरपाटनमा पर्यटकको आगमन न्यून थियो । घुम्न आउनेभन्दा पनि ढोर बराह मन्दिरमा पूजा गर्न आउने दर्शनार्थीबाहेक अन्य पर्यटकको खासै उपस्थिति थिएन । जब सञ्चारमाध्यम र सामाजिक सञ्जालमार्फत प्रचारप्रसार हुन थाल्यो, तब ढोरपाटनमा पर्यटकको घुइँचो नै लाग्न थाल्यो । बर्खा लागेसँगै देशका धेरै पर्यटकीय क्षेत्र सुनसान बन्दैछन्, तर ढोरपाटनमा भने पर्यटकको भीडभाड बढ्न थालेको छ । बर्खाको समयमा ढोरपाटन अरु बेलाभन्दा बढी रमणीय देखिने हुँदा यो सिजनमा पर्यटक बढी आउने गरेका हुन् । दैनिक २०० बढी पर्यटक ढोरपाटन आउने गरेको होटल व्यवसायी संघका अध्यक्ष जीवन पुनले जानकारी दिए । ढोरपाटनमा पर्यटकको चाप बढेपछि होटल व्यवसाय पनि फस्टाउन थालेको उनको भनाइ छ । अध्यक्ष पुनले भने, "पहिला पनि ढोरपाटन उपत्यकामा अत्यधिक मात्रामा फूलहरू फूल्थे तर प्रचारप्रसार नहुँदा पर्यटक आउन सकेका थिएनन्, अहिले मिडिया र सामाजिक सञ्जालमा फोटो भिडियो आउँदा पर्यटकको आकर्षण बढेको छ, एक दशक अगाडि त ढोरपाटनमा पर्यटक खासै आउँदैनथे, यहाँका स्थानीय पनि घुम्ती बसाइमात्रै बस्ने गर्थे ।" स्थानीयले राके फूलका रुपमा चिन्ने वनफूललाई ढोरपाटन सिकार आरक्षले नाकेफुली, बुकीफूल, मदानेफूललगायतको नाम दिएको छ । देशका ठूला सहर काठमाडौं, नेपालगन्ज, पोखरा, भैरहवा, चितवनबाट बढी पर्यटक रमाउन आउने गरेका छन् । वनफूल पाटनैभरि फुल्छ । फूलमा घोडा, भेडाबाखा र गाईभैंसी खुलेमा चर्ने गर्छन् । वस्तुभाउको गोबरले वनफूल राम्रो हुने गर्छ ।

*-बाँकी अनितम पेजमा...*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२
नव जनचेतना

# सम्पादकीय

## युवा दक्षता दिवस र यसको सार्थकता

प्रत्येक वर्षजस्तै आज विश्व युवा दक्षता दिवस विभिन्न कार्यक्रम गरी नेपालसहित विश्वभरि मनाइँदै छ । सन् २०१४ को डिसेम्बरमा संयुक्त राष्ट्रसंघको साधारण सभाले निर्णय गरेपछि संसारभरका युवाको समाजिक, आर्थिक, राजनीतिक, सांस्कृतिक आदि पक्षलाई सुदृढ गर्ने उद्देश्यले हरेक वर्ष जुलाई १५ मा यो दिवस मनाउने गरिएको हो ।

यस दिवसले युवालाई रोजगार, उद्यमशीलता र दिगो विकासका लागि आवश्यक सीप प्रदान गर्ने विषयलाई विश्वव्यापी रूपमा प्राथमिकतामा राख्छ । आजको प्रतिस्पर्धी र प्रविधिमैत्री युगमा केवल शैक्षिक प्रमाणपत्र मात्र पर्याप्त छैन, ज्ञानसँगै व्यावहारिक सीप, नवप्रवर्तन गर्ने क्षमता र बदलिँदो परिस्थितिअनुसार आफूलाई अनुकूल बनाउन सक्ने दक्षता पनि उत्तिकै आवश्यक छ । नेपाल युवा जनसंख्याको हिसाबले सम्भावनाले भरिएको देश हो । तर पर्याप्त सीप, रोजगारीका अवसर र उद्योग–व्यवसायसँग जोडिएको प्राविधिक शिक्षाको अभावका कारण धेरै युवा विदेशिन बाध्य छन् । विदेश जाने सबै युवाको यात्रा नकारात्मक होइन, तर स्वदेशमै आफ्नो क्षमता उपयोग गर्न सक्ने वातावरण निर्माण गर्नु राज्यको प्रमुख दायित्व हो । यसका लागि बजारको मागअनुसारको सीपमूलक शिक्षा, व्यावसायिक तालिम, डिजिटल दक्षता र उद्यमशीलता विकासमा लगानी बढाउन आवश्यक छ । आजका युवा नै भोलिका राष्ट्रका कर्णधार हुन् । युवाहरुमा अपार क्षमता रहेको हुन्छ । उनीहरूलाई उचित शिक्ष दिक्षा, रोजगारको व्यवस्था गरी नेपालको शान्ति र समृद्धिमा सरिक गराउनु आजको आवश्यकता हो । युवा दक्षता दिवस मनाउनुको सार्थकता पनि यसैमा छ । मुलुकको आर्थिक, सामाजिक, राजनीतिक र शैक्षिक क्षेत्रमा युवाहरुको सक्रिय सहभागिता रहेको छ । विगतमा युवाका विषयलाई सरकारका नीति, कानुन एवं कार्यक्रमले सही रुपमा सम्बोधन गर्न नसक्दा अवसरको खोजीमा विदेश जाने र उतै पलायन हुने समस्याले मुलुक समस्यामा छ । रोजगार बजारमा उपलब्ध दक्ष र योग्य युवालाई देशभित्र अवसर सिर्जना गर्न नसक्नु, जनशक्तिको माग र शिक्षाबीच सामञ्जस्य कायम हुन नसक्नु जस्ता धेरै कारण युवाहरु बेरोजगार बस्नु परेको छ । यि कुरामा दिवसले हेक्का राख्न सकेको छैन । युवालाई अवसर, सीप र आवश्यक स्रोत उपलब्ध गराउनु नै दिवसको वास्तविक सन्देश हो । दिवस औपचारिकतामा मात्र सिमित बन्न पुग्दा धेरै युवाहरु दक्ष हुनबाट बञ्चित हुनु परेको छ । यसर्थ युवा वर्गको क्षमता वृद्धि र विकासका लागि राज्यले प्राथमिकता दिई राष्ट्रिय युवा नीति, कार्यनीति, रणनीति, कार्यक्रम र कार्य योजना बनाई मुलुकलाई आवश्यक मार्ग निर्देशन गर्न सके मात्र युवा दक्षता दिवसले सार्थकता प्राप्त गर्न सक्दछ ।

## Opinion @ Social Network

"समय लाग्न सक्छ तर पक्का मिल्छ,
किनकि सफलता भाग्यको खेल होइन मेहनतको फल हो ।"
*(भावना मगरको फेसबुक स्टाटसबाट www.facebook.com/Bhawana.Magar)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# जनताको जीवन फेरिए मात्रै सरकार सफल



## राजेन्द्र बजगाईं

*लोकतन्त्र महत्वपूर्ण छ, तर लोकतन्त्र मात्रले समृद्धि ल्याउँदैन । सक्षम नेतृत्व, अनुशासित प्रशासन, बलिया संस्था, दीर्घकालीन योजना र प्रभावकारी कार्यान्वयन विना कुनै पनि देशले दिगो विकास हासिल गर्न सक्दैन । अन्ततः सफल सरकार त्यही हो, जसले आफ्ना नागरिकलाई राम्रो शिक्षा, गुणस्तरीय स्वास्थ्य सेवा, सुरक्षित समाज, आधुनिक पूर्वाधार र उज्ज्वल भविष्यप्रति विश्वास दिलाउन सक्छ । नेपाल आज यस्तै ऐतिहासिक मोडमा उभिएको छ । हिमालयको अनुपम सम्पदा, प्रशस्त जलस्रोत, विश्वका दुई ठूला अर्थतन्त्र बीचको रणनीतिक भौगोलिक अवस्थिति, विविध सांस्कृतिक सम्पदा र ऊर्जावान युवा जनशक्ति नेपालका असाधारण शक्तिहरू हुन् । तर यी सबै सम्भावनालाई राष्ट्रिय समृद्धिमा रूपान्तरण गर्न हामी अझै सफल हुनसकेका छैनौं ।*

इतिहासले कुनै राष्ट्रलाई राजनीतिक बहसको तीव्रताले होइन, आफ्ना नागरिकको जीवनमा ल्याएको परिवर्तनले सम्झन्छ । दीर्घकालीन समृद्धि हासिल गरेका राष्ट्रहरूले शान्ति, सुशासन, बलिया संस्था, पूर्वाधार, शिक्षा र आर्थिक अवसरलाई प्राथमिकता दिएका छन् । राजनीतिक प्रणाली फरक-फरक हुन सक्छन्, तर सफल राष्ट्रहरूको एउटा साझा विशेषता हुन्छ– उनीहरूले राजनीतिक टकरावभन्दा राष्ट्रिय विकासलाई माथि राख्छन् । सन् १९९२ मा सिंगापुरका तत्कालीन प्रधानमन्त्री ली कुआन यूले व्यक्त गरेको एउटा विचार आज पनि धेरै विकासोन्मुख राष्ट्रका लागि सान्दर्भिक छ । उनका अनुसार कुनै सरकारको मूल्याङ्कन केवल त्यसको राजनीतिक विचारधाराले होइन, बरु त्यसले आफ्ना नागरिकको जीवनस्तर कति सुधार्न सक्यो भन्ने आधारमा हुनुपर्छ । लोकतन्त्र महत्वपूर्ण छ, तर लोकतन्त्र मात्रले समृद्धि ल्याउँदैन । सक्षम नेतृत्व, अनुशासित प्रशासन, बलिया संस्था, दीर्घकालीन योजना र प्रभावकारी कार्यान्वयन विना कुनै पनि देशले दिगो विकास हासिल गर्न सक्दैन । अन्तत: सफल सरकार त्यही हो, जसले आृना नागरिकलाई राम्रो शिक्षा, गुणस्तरीय स्वास्थ्य सेवा, सुरक्षित समाज, आधुनिक पूर्वाधार र उज्ज्वल भविष्यप्रति विश्वास दिलाउन सक्छ । नेपाल आज यस्तै ऐतिहासिक मोडमा उभिएको छ । हिमालयको अनुपम सम्पदा, प्रशस्त जलस्रोत, विश्वका दुई ठूला अर्थतन्त्र बीचको रणनीतिक भौगोलिक अवस्थिति, विविध सांस्कृतिक सम्पदा र ऊर्जावान युवा जनशक्ति नेपालका असाधारण शक्तिहरू हुन् । तर यी सबै सम्भावनालाई राष्ट्रिय समृद्धिमा रूपान्तरण गर्न हामी अझै सफल हुनसकेका छैनौं । राजनीतिक अस्थिरता, अल्पकालीन सोच, कमजोर कार्यान्वयन र प्रशासनिक जटिलताले हाम्रो विकास यात्रालाई धेरै वर्ष पछाडि धकेलेको छ । अब प्रश्न कुन दलले सरकार बनाउने भन्ने होइनह प्रश्न यो हो कि जुनसुकै सरकारले पनि विकासलाई आफ्नो पहिलो प्राथमिकता बनाउन सक्छ कि सक्दैन । नेपालको विकास कुनै एक राजनीतिक दलको एजेन्डा हुनुहुँदैनह यो सम्पूर्ण राष्ट्रको साझा संकल्प बन्नुपर्छ । सडक, विद्यालय, अस्पताल, विमानस्थल, डिजिटल पूर्वाधार, सिंचाइ, ऊर्जा, अनुसन्धान, प्राविधिक शिक्षा र औद्योगिक विकास जस्ता विषयहरू चुनावी घोषणापत्रमा सीमित हुनुहुँदैन । सरकार फेरिन सक्छ, तर राष्ट्रिय विकासको दिशा फेरिनुहुँदैन । नीतिगत निरन्तरताले मात्र नागरिक, लगानीकर्ता र अन्तर्राष्ट्रिय साझेदारहरूको विश्वास जित्न सकिन्छ । नेपालको सबैभन्दा ठूलो सम्पत्ति हिमाल वा नदी मात्र होइन, यसको युवा शक्ति हो । प्रत्येक वर्ष लाखौं नेपाली युवा रोजगारीको खोजीमा विदेश जान बाध्य हुन्छन् । वैदेशिक रोजगारीले धेरै परिवारलाई आर्थिक सहयोग पुर्‍याएको छ, तर कुनै पनि राष्ट्र आृना सबैभन्दा सक्षम युवालाई विदेश पठाएर समृद्ध बन्न सक्दैन । हाम्रो लक्ष्य युवालाई विदेश जान रोक्नु होइन, नेपालमै बस्न सक्ने आकर्षक अवसर सिर्जना गर्नु हुनुपर्छ । यसका लागि खेलकुद, प्राविधिक शिक्षा, नवप्रवर्तन, उद्यमशीलता र विज्ञानमा ठूलो लगानी आवश्यक छ । खेलकुदले युवामा अनुशासन, आत्मविश्वास, नेतृत्व क्षमता र राष्ट्रिय एकता विकास गर्छ । प्रत्येक जिल्लामा आधुनिक खेल मैदान, प्राविधिक शिक्षालय, अनुसन्धान केन्द्र र स्टार्टअप इनक्युबेसन केन्द्र स्थापना गर्न सकियो भने युवाको ऊर्जा निराशाबाट सिर्जनशीलतातर्फ मोड्न सकिन्छ । जब युवाले आफ्नै देशमा भविष्य देख्न थाल्छन्, त्यहींबाट राष्ट्र निर्माणको वास्तविक यात्रा शुरु हुन्छ । नेपालको भौगोलिक बनावट चुनौतीपूर्ण भए पनि यही चुनौती हाम्रो सबैभन्दा ठूलो अवसर बन्न सक्छ । सडक, पुल, सुरुङ, रोपवे, विमानस्थल, उच्चगतिको इन्टरनेट र भरपर्दो सार्वजनिक यातायात केवल निर्माण परियोजना होइनन्ह ती आर्थिक विकासका मेरुदण्ड हुन् । हिमाली गाउँलाई बजारसँग जोड्ने प्रत्येक सडकले गरिबी घटाउँछ, प्रत्येक पुलले समय बचाउँछ र प्रत्येक विमानस्थलले नयाँ आर्थिक सम्भावना खोल्छ । दुर्गम क्षेत्रका नागरिकले वर्षभरि स्वास्थ्य सेवा, शिक्षा र बजारमा पहुँच पाउनुपर्छ । आधुनिक पूर्वाधारले मात्र नेपाललाई वास्तविक अर्थमा एकीकृत बनाउन सक्छ । विश्व इतिहासले देखाएको छ कि जहाँ पूर्वाधार निर्माण भयो, त्यहाँ व्यापार बढ्यो, उद्योग फस्टायो र समृद्धि आयो । आधुनिक टर्कीले विभिन्न क्षेत्रमा क्षेत्रीय विमानस्थल निर्माण गरेर पर्यटन, कृषि निर्यात र उद्योगलाई स्थानीयस्तरमै विस्तार गर्न सफल भएको छ । नेपालले पनि हिमाली विमानस्थल, उद्धार सेवा, डिजिटल सञ्जाल र आधुनिक यातायात प्रणालीमा लगानी गरेर आफ्ना दुर्गम क्षेत्रलाई विकासको मूलधारमा ल्याउन सक्छ । पर्यटन नेपालका लागि अर्को अनुपम अवसर हो । सगरमाथाले नेपाललाई विश्वमा चिनाएको छ, तर नेपालको पर्यटन केवल हिमालमा सीमित हुनुहुँदैन । लुम्बिनी, पशुपतिनाथ, जनकपुर, मुक्तिनाथ, राष्ट्रिय निकुञ्ज, सांस्कृतिक सम्पदा, पर्व-उत्सव, साहसिक खेल, स्वास्थ्य पर्यटन, सम्मेलन पर्यटन र लक्जरी आतिथ्य सेवाले नेपाललाई विश्वकै आकर्षक गन्तव्य बनाउन सक्छ । पर्यटनको लाभ केही क्षेत्रमा मात्र सीमित नभई सम्पूर्ण देशका समुदायसम्म पुग्नुपर्छ । कृषिलाई पनि निर्वाहमुखी अवस्थाबाट व्यावसायिक उत्पादनतर्फ रूपान्तरण गर्नुपर्छ । आधुनिक सिंचाइ, वैज्ञानिक खेती, चिस्यान भण्डारण, खाद्य प्रशोधन र निर्यातमुखी उत्पादनले किसानको आम्दानी धेरै गुणा बढाउन सक्छ । नेपाली कफी, चिया, जडीबुटी, मह, मसला र अर्गानिक उत्पादनलाई अन्तर्राष्ट्रिय बजारमा प्रिमियम ब्रान्डका रूपमा स्थापित गर्न सकिन्छ । किसानलाई प्रविधि, बीमा, वित्तीय पहुँच र बजार उपलब्ध गराउनु विकासको आधार हो । शिक्षा प्रणालीलाई पनि बदल्न आवश्यक छ । विश्वविद्यालयले केवल प्रमाणपत्रधारी बेरोजगार उत्पादन गर्ने होइन, वैज्ञानिक, इन्जिनियर, चिकित्सक, प्राविधिक, सफ्टवेयर विकासकर्ता, अनुसन्धानकर्ता र उद्यमी उत्पादन गर्नुपर्छ । प्राविधिक तथा व्यावसायिक शिक्षालाई विश्वविद्यालयीय शिक्षासरह सम्मान दिइनुपर्छ । भविष्यको अर्थतन्त्र ज्ञान, प्रविधि र नवप्रवर्तनमा आधारित हुनेछ । आर्थिक विकासका लागि पूँजी र वित्तीय प्रणाली पनि उत्तिकै महत्वपूर्ण छन् । नेपालले पारदर्शी कानून, पूर्वानुमान गर्न सकिने नीति र लगानीमैत्री वातावरण निर्माण गर्नुपर्छ । नेपालको कानून र नियमनभित्र रहेर प्रतिष्ठित अन्तर्राष्ट्रिय बैंक तथा वित्तीय संस्थाहरूलाई सञ्चालनको अवसर दिन सकियो भने विदेशी लगानी, परियोजना वित्तपोषण र अन्तर्राष्ट्रिय व्यापारमा ठूलो सहजता आउनेछ । यसले नेपालको सार्वभौमिकतामा असर गर्दैनह बरु नेपालको अर्थतन्त्रलाई विश्वसँग अझ प्रभावकारी रूपमा जोड्न मद्दत पुर्‍याउँछ । तर यी सबै योजनाहरू सफल हुनका लागि सुशासन अपरिहार्य छ । भ्रष्टाचार विकासको सबैभन्दा ठूलो शत्रु हो । यसले सार्वजनिक स्रोतको दुरुपयोग गर्छ, लगानीकर्ताको विश्वास घटाउँछ र नागरिकको राज्यप्रतिको भरोसा कमजोर बनाउँछ । डिजिटल सरकारी सेवा, पारदर्शी खरिद प्रक्रिया, स्वतन्त्र न्यायपालिका, सक्षम निजामती प्रशासन र कानूनको समान कार्यान्वयनले मात्र दिगो विकास सम्भव हुन्छ । जलविद्युत् नेपालका लागि अर्को ऐतिहासिक अवसर हो । स्वच्छ ऊर्जाले उद्योगलाई ऊर्जा दिन सक्छ, आयातित इन्धनमा निर्भरता घटाउन र क्षेत्रीय ऊर्जा व्यापारको केन्द्र बनाउन सक्छ । भरपर्दो विद्युत् आपूर्तिले उद्योग विस्तार, रोजगारी सिर्जना र आर्थिक प्रतिस्पर्धात्मकता बढाउँछ । स्वास्थ्यमा गरिएको लगानी पनि राष्ट्र निर्माणकै लगानी हो । सुरक्षित मातृत्व, आपत्कालीन स्वास्थ्य सेवा, हिमाली उद्धार, टेलिमेडिसिन, पोषण र रोकथाममुखी स्वास्थ्य प्रणालीले नागरिकको जीवन मात्र बचाउँदैन, राष्ट्रको उत्पादक क्षमता पनि बढाउँछ । नेपालले अर्को पुस्ताका लागि एउटा यस्तो भविष्य निर्माण गर्नुपर्छ जहाँ प्रत्येक जिल्ला आधुनिक पूर्वाधारले जोडिएको होस्, विश्वविद्यालयहरू अनुसन्धानका केन्द्र बनून्, युवा उद्यमीहरूले विश्वस्तरीय कम्पनी स्थापना गरून्, किसानले अन्तर्राष्ट्रिय बजारमा आफ्ना उत्पादन निर्यात गरून्, पर्यटनले सम्पूर्ण देशलाई समृद्ध बनाओस्, जलविद्युत्ले उद्योग चलाओस् र सरकारी सेवा पूर्ण रूपमा पारदर्शी तथा डिजिटल बनोस् । यस्तो नेपाल निर्माण गर्न सकिन्छ, यदि हामीले विकासलाई राष्ट्रिय संकल्प बनायौं भने । अन्तत: कुनै पनि सरकारको सफलता उसले दिएका भाषण वा जितेका निर्वाचनले होइन, उसले नागरिकको जीवनमा ल्याएको परिवर्तनले मापन हुन्छ । सुरक्षित सडक, गुणस्तरीय विद्यालय, आधुनिक अस्पताल, भरपर्दो विद्युत्, समृद्ध किसान, सफल उद्यमी र आशावादी युवा नै विकासका वास्तविक सूचक हुन् । लोकतन्त्र हाम्रो आधार हो, तर लोकतन्त्रको सर्वोच्च उद्देश्य नागरिकको जीवन सुधार्नु हो । यदि नेपालले राजनीतिक विभाजनभन्दा राष्ट्रिय विकासलाई, व्यक्तिगत स्वार्थभन्दा सार्वजनिक हितलाई र अल्पकालीन राजनीतिभन्दा दीर्घकालीन समृद्धिलाई प्राथमिकता दिन सक्यो भने नेपालको सबैभन्दा गौरवपूर्ण अध्याय अझै लेखिन बाँकी छ । इतिहासले सबैभन्दा धेरै बहस गर्नेहरूलाई होइन, भविष्य निर्माण गर्नेहरूलाई सम्झन्छ ।

*-अनलाइन खबर डटकम*

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : आर्थिक क्षेत्रमा विकास हुनेछ। व्यापार व्यवसायको यात्राबाट लाभ मिल्नेछ। | **तुला**: कानुनी मामिलाहरूमा पक्ष मजबुत रहनेछ। आयका नयाँ स्रोतहरू बढ्नेछन्। |
| **वृष** : मेहनत अनुरुप परिणाम नमिल्ला। स्वास्थ्यलाई लिएर विशेष ध्यान दिनुहोला। | **वृश्चिक** : तपाईंको बोलीले अरूको मन जित्नेछ। नयाँ चिनजान बन्न सक्छ। |
| **मिथुन** : मशीनरी कार्य गर्दा सावधान र हनु होला। कार्य समयमा हुन गाह्रो हुनेछ। | **धनु** : घरका काम पूरा गर्ने दिन छ। शरीरलाई आराम दिन पनि बिर्सनु हुँदैन। |
| **कर्कट** : व्यापारमा वृद्धि हुनेछ। कार्य समयमा सम्पादन गर्ने प्रयास गर्नुहोला। | **मकर** : अरूलाई सहयोग गर्दा सम्मान पनि बढ्नेछ। हाँस्दै रमाउँदै दिन बित्नेछ। |
| **सिंह** : राम्रो सफलताको लागि समय अनुसार चल्नुहोस्। आध्यात्मिक रुचि बढ्नेछ। | **कुम्भ** : बोलेको कुरा पूरा गर्ने दिन छ। रिसलाई नियन्त्रणमा राख्नु राम्रो हुनेछ। |
| **कन्या** : व्यापारमा मतभेद हुने सम्भावना रहेको छ। स्वास्थ्यमा ध्यान राख्नुहोस्। | **मीन** : परिवारबाट राम्रो साथ मिल्नेछ। यात्रा गर्दा सावधान रहनुहोस्। |

## कला मनोरञ्जन

# चलचित्र क्षेत्रमा रङ्गभेद : के कलाभित्र पनि विभेदको पर्खाल छ ?



रङ्गीन संसार मानिएको चलचित्र उद्योग बाहिरबाट हेर्दा जति चम्किलो र लोभलाग्दो देखिन्छ, भित्रको कालो पाटो डरलाग्दो हुने गर्छ । कहिले पारिश्रमिकमा लैङ्गिक असमानता, कहिले मुख्य र सह कलाकारबिचको दूरी, त कहिले नेपोटिज चर्चाको बिषय बन्छ । हालै एउटा गम्भीर र संवेदनशील बिषय बाहिर आएको छ - 'रङ्गभेद' । अभिनेत्री काजल कर्णले नेपाली चलचित्र 'चिरञ्जिवी भव:' को सुटिङ सेटमा आफूमाथि मधेसी भएकै कारण मानसिक दुर्व्यवहार र अपमान भएको आरोप लगाएपछि यो बिषय बाहिर आएको हो । काजलले आृनो आधिकारिक सामाजिक सञ्जालमार्फत चलचित्रका निर्देशक दीपक आचार्य, मेकअप आर्टिस्ट र सह-अभिनेत्री प्रशंसा रायमाझीमाथि यस्तो आरोप लगाएकी छन् । यद्यपि, निर्देशक आचार्यले आरोपको खण्डन गरेका छन् । यस घटनाको सत्यतथ्य त समयसँगै स्पष्ट होला, तर यसले नेपाली चलचित्र क्षेत्रभित्र लुकेको रङ्गभेदको बहस बाहिर ल्याएको छ । मधेस पृष्ठभूमिबाट आएर नेपाली रजतपटमा आफ्नो बलियो उपस्थिति बनाउन सफल तीन स्थापित अभिनेताहरू प्रमोद अग्रहरी, रविन्द्र झा र प्रकाश शाहलाई हामीले एउटै प्रश्न राखेका छौँ । के वास्तवमै नेपाली चलचित्र क्षेत्रमा रङ्गभेद छ ? उनीहरूको भनाइ उनीहरूकै शब्दमा ।


**प्रमोद अग्रहरी (अभिनेता) :**
चलचित्र 'चिरञ्जिवी भव' को सेटमा मधेसी भएकै कारण अभिनेत्री काजल कर्णमाथि भएको भनिएको विभेद र रङ्गभेदको आरोपबारे मलाई पूर्ण जानकारी छैन । जोसँग यस्तो घटना घटेको हो, उसैले यस विषयमा बोल्नु बढी सान्दर्भिक र न्यायसङ्गत हुन्छ । विनाकारण त पक्कै पनि कसैले यति ठूलो आरोप नलगाउला । फिल्म युनिटको आन्तरिक कुरामा मैले थप टिप्पणी गर्न आवश्यक देख्दिनँ । जहाँसम्म मेरो आफ्नै भोगाइको कुरा छ, मैले यस विषयमा विगतमा पनि बारम्बार आवाज उठाउँदै आएको छु । मलाई विगतका केही अन्तर्वार्ताहरू मै सिधै तपाईंको अनुहार नै नेपाली जस्तो छैन भनेर समेत प्रश्न सोधिएको थियो । एउटै कुरा बारम्बार दोहोऱ्याइरहँदा मानिसहरूलाई झर्को लाग्न सक्छ, तर मेरो विचारमा, जसले यस्तो विभेदकारी र सङ्कुचित सोच राख्छन्, उनीहरू एक किसिमका मानसिक रोगी हुन् । हामीले आफ्नो काम इमानदारीपूर्वक गर्ने हो । यस्ता नकारात्मक कुराहरूको पछाडि लाग्नुभन्दा कसरी आृनो कामलाई अझ निखार्ने भन्नेतर्फ ध्यान दियौँ भने त्यो नै हाम्रो स्वास्थ्य र करियर दुवैका लागि फाइदाजनक हुन्छ । मलाई दर्शकहरूले सधैँ अगाध माया र सम्मान दिनुभएको छ। यदि केही चलचित्र निर्माता वा मेकरहरूमा यस्तो सङ्कुचित सोच छ भने त्यो उनीहरूको व्यक्तिगत समस्या हो, मेरो होइन । म किन अरूको विभेदकारी मानसिकताको भारी आफ्नो टाउकोमा बोकेर हिँडुँ ? यदि यस्तै कुराहरूमा अल्झिएर बसेँ भने त मेरो काम र करियर नै धरापमा पर्छ । यदि कसैले मलाई 'मधेसी' भनेर होच्याउन खोज्छ वा प्रश्न उठाउँछ भने म आफू नेपाली हुँ भनेर प्रमाणित गर्न किन दौडिरहनु ? यदि दुई-चार जनाले यस्तो सङ्कुचित व्यवहार गर्छन् भने उनीहरू सिर्जनात्मकताको नाममा बिरामी हुन्, जसलाई दया वा उपचारको आवश्यकता छ ।

**रवीन्द्र झा (अभिनेता) :**
अभिनेत्री काजल कर्णसँग मैले सोही चलचित्रमा सँगै काम गरेको थिएँ । हामी सिङ्गो युनिट करिब १५-१६ दिन सँगै बस्यौँ । त्यस क्रममा उहाँलाई कतैबाट पनि अप्ठ्यारो हुने खालको व्यवहार भएको महसुस गरेनौँ । विगतमा जनकपुर जाँदा पनि उहाँ निकै व्यावहारिक देखिनुभएको थियो । मानिसको स्वभाव परिस्थितिसँगै परिवर्तन हुन सक्छ। अहिले सामाजिक सञ्जालमा काजल जीले आ-आफ्ना कुराहरू लेख्नुभएको छ । जबसम्म दुवै पक्ष र युनिटका मानिसहरू एकै ठाउँमा बसेर खुला छलफल गर्दैनन्, तबसम्म वास्तविकता बुझ्न गाह्रो हुन्छ । जहाँसम्म मेरो आृनै अनुभवको कुरा छ, मैले अहिलेसम्म प्रत्यक्ष रूपमा चलचित्र क्षेत्रमा रङ्गभेद वा विभेद भोग्नुपरेको छैन । मेरो पीठपछाडि कसैले कुरा गर्छन् भने त्यो मलाई थाहा भएन, तर मैले सेटमा कहिल्यै त्यस्तो नकारात्मक व्यवहार महसुस गरेको छैन । यदि यो क्षेत्रमा अत्यधिक रङ्गभेद मात्र हुन्थ्यो भने सायद म आज यो स्थानसम्म आइपुग्न पनि सक्दिनथेँ होला । चलचित्र क्षेत्रमा क्षेत्रीय वा सांस्कृतिक रूपमा विभेद नै छैन भन्न मिल्दैन । म यस क्षेत्रमा आउनुअघि पनि यस्ता कुराहरू सुन्ने गरिन्थ्यो । उदाहरणका लागि, अभिनय गराउँदा नेपाली भाषी र मैथिली भाषी भनेर जुन विभेद गरिन्छ, त्यो आफैँमा गलत हो । धेरै विज्ञापनहरू पहाडी आवरण भएका मानिसहरूलाई धोती र गमछा पहिराएर तराईको क्यारेक्टर बनाइन्छ, जबकि त्यहाँ तराईकै वास्तविक कलाकारलाई अवसर दिन सकिन्थ्यो । यो पनि एक किसिमको विभेद नै हो र मैले यस विषयमा विगतमा पनि आवाज उठाएको छु। धेरैले गमछालाई तराईको मुख्य संस्कृति मान्छन्, तर गमछा संस्कृति होइन । यो त केवल गर्मीका कारण प्रयोग गरिने सुतीको पातलो कपडा मात्र हो । तराईको वास्तविक संस्कृति अर्कै छ । कुनै पनि आधारमा मानिसलाई विभेद गर्नु एकदमै गलत हो, झन् कलाकारिता क्षेत्रमा त यो हुनै हुँदैन । यदि तराई क्षेत्रले नेपाली चलचित्रलाई पूर्ण रूपमा बहिष्कार गरिदियो भने नेपाली चलचित्र उद्योगलाई ठूलो घाटा लाग्छ ।

**प्रकाश शाह (अभिनेता) :**
नायिकाले चलचित्र क्षेत्रमा रङ्गभेद हुन्छ भनी लगाउनुभएको आरोपको विषयमा सत्यतथ्य कुरा स्पष्ट नभई मैले बोल्नु उपयुक्त नहोला । त्यो उहाँहरूको टिमभित्रको आन्तरिक वा घरायसीजस्तै कुरा हो । तर, यदि कतै त्यस्तो रङ्गभेद वा विभेद भएको छ भने त्यो पक्कै पनि गलत हो र यसलाई समर्थन गर्न सकिँदैन । मैले अहिलेसम्म करिब ७-८ वटा चलचित्रमा काम गरिसकेको छु । यस क्रममा मैले चलचित्रको सुटिङ सेटमा कहिल्यै पनि पहाडी वा तराईवासी भनेर कुनै किसिमको रङ्गभेद वा क्षेत्रीय विभेद महसुस गर्नु परेको छैन । जबसम्म आफूले त्यस्तो कुरा भोगिँदैन वा देखिँदैन, तबसम्म त्यस्तो हुन्छ नै भनेर सामान्यीकरण गर्न मिल्दैन । चलचित्रका सेटहरूमा कहिलेकाहीँ सानातिना असमझदारी वा मतभेदहरू त हुन्छन्, जुन जहाँ पनि हुन सक्ने सामान्य कुरा हो, तर त्यसलाई रङ्गभेदको रूपमा व्याख्या गर्नु उचित हुँदैन । चलचित्र क्षेत्रमा मुख्य कलाकार र सहायक कलाकारबिचको भिन्नता, वा पारिश्रमिकमा महिला र पुरुषबिच हुने असमानता जस्ता व्यावहारिक विभेदहरू त स्थापित नै छन् । तर मधेसी वा पहाडी भएकै आधारमा गरिने विभेदको हकमा भने मैले अहिलेसम्म त्यस्तो तीतो अनुभव गर्नु परेको छैन । म चलचित्र उद्योगमा आउनुअघि पहिले-पहिले यस्तो विभेद हुन्थ्यो भन्ने अलिअलि सुनिने गर्थ्यो । तर अचेल मानिसहरूको सोच र मानसिकतामा धेरै परिवर्तन आइसकेको छ । अहिले मधेस वा तराई मूलका कलाकारहरू रविन्द्र झा, प्रमोद अग्रहरी र म आफैँले पनि चलचित्रहरूमा राम्रो भूमिका पाइरहेका छौँ र सहकार्य गरिरहेका छौँ । म न आफू कतै त्यस्तो विभेद गर्छु, न त चलचित्र क्षेत्रमा मैले अहिलेसम्म त्यस्तो जातीय वा क्षेत्रीय विभेद नै देखेको छु ।

*-रातोपाटी डटकम*

# रिलिजको ४८ घण्टामै ओटीटीबाट किन हटाइएको थियो 'सतलुज'?




पञ्जाबी गायक तथा अभिनेता दिल्जीत दोसान्झ अहिले चर्चाको केन्द्रविन्दुमा छन् । विशेषत भारतीय सञ्चार माध्यममा । किनकि उनी अभिनित 'सतलुज' अहिले भारतीय सिने जगतमा ठूलो विवादको केन्द्र बनेको छ । यो फिल्मको निर्देशन हनी त्रेहानले गरेका हुन् । सन् १९९० को दशकको पञ्जाबको उग्रवादकालीन घटनालाई फिल्मले आधार बनाएको छ । विशेषत मानव अधिकारकर्मी जसवन्त सिंह खालडाको जीवनमा रहेर यो फिल्म बनाइएको हो । खालडाले गरेको अनुसन्धान - पञ्जाब पुलिसद्वारा कथित रूपमा हजारौं व्यक्तिको गैरन्यायिक हत्या र गोप्य रुपमा शव जलाइएको कुरा - फिल्मको मुख्य विषय हो । तर रिलिज हुनुअघि र पछि दुवै अवस्थामा नै यो फिल्मले सेन्सर बोर्ड, सरकार र राजनीतिक दलहरूबीच बहस निम्त्याएको छ । यो फिल्मको निर्माण २०२२ मा सकिएको थियो । त्यसबेला फिल्मको नाम घल्लुघारा थियो । उक्त नामलाई लिएर भारतको सेन्सर बोर्ड सेन्टर बोर्ड अफ फिल्म सर्टिफिकेसन ( सीबीएफसी)ले आपत्ति जनायो । घल्लुघारा शब्द इतिहासमा शिख समुदायमाथि भएका नरसंहार र ठूला हत्याकाण्डलाई जनाउन प्रयोग हुन्छ । त्यही कारण सीबीएफसीले त्यसमा आपत्ति जनाएको थियो । त्यससँगै सेन्सर बोर्डले नामसँगै फिल्मका दृश्यहरूमा समेत आपत्ति जनायो । फिल्ममा २१ कट्स अर्थात् २१ ठाउँको दृश्य हटाउनुपर्ने भन्ने आदेश पनि थियो । नाम परिवर्तन गर्न निर्माताहरू तयार भएता पनि कट्समा सहमत भएनन् । त्यसपछि निर्माताहरू पक्ष मुब्बाई हाई कोर्टमा गयो । कोर्टले सिधै फिल्म पास गरिदिएन । केस सुनेर फिल्मलाई फेरि सीबीएफसीमै पठायो । त्यसपछि त्यहाँ मामिला सुल्टाउन रिभाइजिङ कमिटीमा बन्यो । तर, कमिटिले कट्स अर्थात् हटाइने दृश्यको संख्या थपेर १२० माथि पुऱ्यायो । सँगै त्यसबेला प्रस्ताव गरिएको 'पञ्जाब ९५' नाम पनि हटाउन भनियो । यस पटक पनि नाम फेर्न निर्माताहरू सहमत भए । दृश्य हटाउन सहमत भएनन् । मुख्यत: हटाउनुपर्नेमा पात्रको नाम परिवर्तन, पुलिस सम्बन्धी दृश्य, भारतीय भण्डाका सिन र केही संवादहरू थिए । यही भएर निर्माताले फिल्म थिएटरमा देखाउने प्रमाणपत्र पाएनन् । फिल्म हलमा रिलिज हुन सकेन । सँगै टोरोन्टो इन्टरनेसनल फिल्म फेस्टिभलमा पनि सहभागी हुन पाएन । निर्माताले अनकट भर्सन नै राख्ने अडान लिइरहे । अन्तत: तेस्रो पटक फिल्मको नाम फेरिर सतलुज राखिने भयो । त्यसपछि गत ३ जुलाई २०२६ मा जी फाइभ नामक ओटीटी प्लेटफर्मबाट चुपचाप फिल्म रिलिज गरियो ।

**४८ घण्टाको रिलिज**

जी फाइभमा रिलिज गरिएको ४८ घण्टाभित्रै (५ जुलाई) फिल्म हटाउन सरकारले निर्देशन दियो । भारतीय सञ्चार माध्यमहरूका अनुसार इन्फर्मेसन टेक्नोलोजी एक्टको धारा ६९ ए प्रयोग गरेर ओटीटीबाट फिल्म हटाएको हो । फिल्मले पञ्जाब पुलिसलाई एकतर्फी रूपमा क्रूर देखाएको, आतंकवादको पक्षलाई कम आँकेको जस्ता कुरा भएकाले सरकारले फिल्मको ओटीटी प्रदर्शनी रोकेको भारतीय सञ्चार माध्यमहरूले उल्लेख गरेका छन् । यद्यपि ओटीटी प्लेफर्मबाट फिल्म हटाइए पनि पञ्जाबका विभिन्न गाउँहरूमा कम्युनिटी स्क्रिनिङ चलिरहेको छ । यसका साथै त्यहाँको एएपी र सिरोमनी एकाली दल जस्ता राजनीतिक पार्टीहरूले फिल्म हटाउने निर्णयको विरोध गरेका छन् ।

*-अनलाइन खबर डटकम*

# 'गौंथली'को अमेरिका राइट्स बिक्री, नेपाल रिलिजको एक सातापछि प्रदर्शन हुने


फिल्म 'गौंथली' अमेरिकामा पनि प्रदर्शन हुने भएको छ । नेपालमा रिलिज भएको एक सातापछि अमेरिकाका विभिन्न सहरमा फिल्म प्रदर्शन हुने भएको हो । फिल्मको अमेरिकी प्रदर्शन अधिकार (अमेरिका राइट्स) सेभेन सिज इन्टरनेसनल फिल्म्सले खरिद गरेको छ । 'गौंथली'का निर्देशक डा. कपिल रिजाल, कलाकार अरूण क्षेत्री, निर्माता सुमन गिरी तथा सेभेन सिस इन्टरनेसनल फिल्म्सका तर्फबाट रोशन सुवेदीबीच अधिकार खरिद-बिक्रीसम्बन्धी सम्झौतापत्रमा हस्ताक्षर भएको हो । नेपालमा साउन १ गतेदेखि प्रदर्शनमा आउन लागेको 'गौंथली' साउन ८ गते (जुलाई २४)देखि अमेरिकाका विभिन्न प्रमुख सहरमा एकसाथ प्रदर्शन हुने जनाइएको छ । प्रदर्शन मिति नजिकिँदै जाँदा फिल्मप्रति दर्शकको उत्साहसँगै अन्तर्राष्ट्रिय बजारबाट पनि माग बढ्न थालेको निर्देशक डा. कपिल रिजालले बताए । उनका अनुसार ट्रेलर सार्वजनिक भएपछि फिल्मप्रति सकारात्मक प्रतिक्रिया बढेको छ, जसका कारण ओभरसिज बजारबाट प्रदर्शन अधिकारका लागि निरन्तर चासो आउन थालेको हो । 'बिस्तारै हाम्रो सिनेमाको हाइप बढ्दैछ । हाइप बढ्दै जाँदा ओभरसिज मार्केटबाट इन्क्वाइरी पनि बढ्दैछ,' निर्देशक रिजालले भने ।




हाल यो फिल्मको ट्रेलर युट्युबको ट्रेन्डिङ नं. १ मा छ । दुई दशकअघि डा. भोला रिजालले निर्माण गरेको 'गौंथली' नेपाली फिल्म इतिहासकै पहिलो गीति (म्युजिकल) फिल्मका रूपमा परिचित छ । उक्त फिल्मले प्रदर्शनको ५१औँ दिनसमेत मनाएको थियो । अहिले सोही नाममा डा. भोला रिजालका छोरा तथा निर्देशक डा. कपिल रिजालले 'गौंथली' निर्देशन गरेका हुन् । भोला रिजाल प्रोडक्सन र सुमन गिरी प्रोडक्सनको प्रस्तुतिमा बनेको फिल्ममा अरूण क्षेत्री, सिम्रन खड्का, मदनकृष्ण श्रेष्ठ, प्रकाश घिमिरे, लुनिभा तुलाधर, रवीन्द्र झा, ईश्वरी बराल, सन्जोग रसाइली, सीतादेवी तिमिल्सिना, लक्ष्मीनाथ तिमिल्सिना, राजेन्द्र नेपाली, अंशु ओली, प्रिन्स नेपालीलगायत कलाकारहरूले अभिनय गरेका छन् । फिल्मको कार्यकारी निर्माता सरला रिजाल छिन् । निर्माताको रूपमा सुमन गिरी र डा. कपिल रिजाल छन् । इन्दु गिरी, मनिष रिजाल, प्रलय रिजाल र जीवन ओली सह-निर्माताको रूपमा रहेका छन् । डा. भोला रिजालको कथा रहेको फिल्मको पटकथा तथा संवाद लेखनमा निर्देशक डा. कपिलसँगै निश्चल कुँवर, निरज नेपाल र गिरिराज घिमिरेले सहकार्य गरेका छन् । फिल्ममा हरि हुमागाईंको छायांकन, मिलन श्रेष्ठको सम्पादन छ ।

*-सेतोपाटी डटकम*

# आज विश्व युवा दक्षता दिवस मनाइँदै




**पाल्पा,** असार ३०/ आज विश्वभर विश्व युवा दक्षता दिवस विभिन्न कार्यक्रमका साथ मनाइँदै छ । हरेक वर्ष जुलाई १५ का अवसरमा मनाइने यस दिवसको उद्देश्य युवाहरूलाई रोजगारी, उद्यमशीलता र दिगो विकासका लागि आवश्यक सीप तथा दक्षताको महत्वबारे सचेत गराउनु हो । सन् २०१४ को डिसेम्बरमा संयुक्त राष्ट्रसंघको साधारण सभाले निर्णय गरेपछि संसारभरका युवाको समाजिक, आर्थिक, राजनीतिक, सांस्कृतिक आदि पक्षलाई सुदृढ गर्न ले यो दिवस मनाउन लागिएको हो । यस अवसरमा नेपालसहित विभिन्न देशमा सीप विकास, प्राविधिक तथा व्यावसायिक शिक्षा, डिजिटल प्रविधि, नवप्रवर्तन र उद्यमशीलता प्रवर्द्धनसँग सम्बन्धित कार्यक्रम आयोजना गरिँदै छन् । सरकारी निकाय, शैक्षिक संस्था, निजी क्षेत्र तथा विभिन्न संघसंस्थाले युवालाई आधुनिक सीपसँग जोड्ने अभियान सञ्चालन गरिरहेका छन् ।

बदलिँदो श्रम बजार, प्रविधिको तीव्र विकास र हरित अर्थतन्त्रको आवश्यकतालाई ध्यानमा राख्दै युवालाई भविष्यका अवसरका लागि सक्षम बनाउने सन्देश यस दिवसले प्रवाह गर्दै आएको छ । विशेषज्ञहरूका अनुसार गुणस्तरीय शिक्षा, प्राविधिक तथा व्यावसायिक तालिम, डिजिटल साक्षरता र उद्यमशील सीपको विकासले युवाको रोजगारी क्षमता बढाउनुका साथै देशको आर्थिक तथा सामाजिक विकासमा समेत महत्वपूर्ण योगदान पुऱ्याउँछ । सरकारले वैदेशिक रोजगारलाई समेत व्यवस्थित गर्न सकेको छैन । हाल रेमिटेन्स कुल ग्राहस्थ्य उत्पादनको ३ प्रतिशत बाट बढेर २१ प्रतिशत हुन पुगेको अनुमान छ । देशमा शान्ति सुरक्षा व्यवस्थापन कार्यमा सफलतापूर्वक सम्पन्न गर्न महत्वपूर्ण दायित्व निर्वाह गर्नुपर्ने आवश्यकता एकातिर छ भने अर्कोतिर एक दशकभन्दा बढी समयदेखि द्वन्द्वग्रस्त बनेको हाम्रा मुलुकले राजनीतिक परिवर्तनसँगै आर्थिक, सामाजिक तथा विकासका हिसाबले पनि काँचुली फेर्न सक्ने अवस्था युवावर्ग आफैँले सिर्जन गर्नुपर्छ ।

## खेलकुद समाचार


### नेपालको लगातार तेस्रो जित



**काठमाडौं,** असार ३०/एसीसी यू-१९ महिला प्रिमियर कपमा नेपालले लगातार तेस्रो जित निकाल्दै समूहविजेता बनेर क्वाटरफाइनल प्रवेश गरेको छ । समूह 'डी' अन्तर्गत मंगलबार बिहान सम्पन्न खेलमा नेपालले हङकङमाथि १८१ रनको अर्को फराकिलो जित हासिल गरेको हो । नेपालले दिएको २१२ रनको बलियो लक्ष्य पछ्याएको हङकङले पूरा २० ओभरमा ९ विकेट गुमाएर ३० रन मात्र बनाउन सक्यो । वोङ विङले सर्वाधिक १३ रन बनाइन् । अन्यले दोहोरो अंक छुन सकेनन् । नेपालका लागि कप्तान सोनी पाखिनले ४ ओभरमा ४ रन दिएर ४ विकेट लिइन् । मनिषा उपाध्यायले २ तथा कृष्मा गुरुङ र स्न्हा महराले १-१ विकेट लिए । त्यसअघि टस हारेर पहिले ब्याटिङको निम्तो पाएको नेपालले २० ओभरमा ६ विकेट गुमाएर २११ रन बनाएको थियो । कप्तान सोनी पाखिनले सर्वाधिक ९० रन बनाइन् । ६० बलमा उनले १३ चौका र १ छक्का प्रहार गरिन् । सावित्री धामीले ५२ तथा अलिशा यादवले अविजित २३ रन बनाइन् । नेपालले यू-१९ स्तरमा बनाएको यो दोस्रो सर्वाधिक योगफल हो भने जारी प्रतियोगिताको सर्वाधिक योगफल समेत हो । यसअघि सन २०२५ महिला यू-१९ टी-२० विश्वकप छनोटमा नेपालले कुवेतविरुद्ध २१३ रनको योगफल बनाएको थियो । हङकङका लागि निमरा अरबले २ तथा वोङ विङ र आरुज फातिमाले १-१ विकेट लिए । नेपालले यसअघि पहिलो खेलमा कतारलाई १०५ रनले अनि दोस्रो खेलमा सिंगापुरलाई १५१ रनले पराजित गरेको थियो ।

## अर्थ/कर्पोरेट समाचार

### सेयर बजारमा सामान्य सुधार



**पाल्पा,** असार ३०/ साताको दोस्रो दिन मंगलबार सेयर बजार सामान्य अंकको सुधार आएको छ । अघिल्ला चार कारोबार दिन लगातार घटेको नेप्सेमा यस दिन एकल अंकको सुधार आएको हो । नेप्से परिसूचक ६ दशमलव ११ अंकले बढेर २ हजार ५ सय ७६ दशमलव २९ बिन्दुमा अडिएको छ । यसदिन ३ सय ८३ वटा स्क्रिप्सको १ करोड ८२ लाख ९३ हजार ५ सय २६ कित्ता सेयर ८ अर्ब ४१ करोड ७५ लाख २८ हजार ४३२ रुपैयाँमा खरिदबिक्री भए । अघिल्लो दिन नेप्से परिसूचक ३० दशमलव ६० अंकले घटेर २ हजार ५ सय ७० दशमलव १८ बिन्दुमा पुगेको थियो । सो दिन ७ अर्ब ४६ करोड मूल्य बराबरको कारोबार भएको थियो । यसदिन ऋणपत्रहरूको कारोबार रकम वृद्धि भएको छ । १३ समूहको उपसूचकमध्ये यसदिन १२ उपसमूहको परिसूचक बढेका छन् । व्यापार समूहको उपसूचक सर्वाधिक १ दशमलव ४७ प्रतिशतले वृद्धि भएको छ । मंगलबारको सुधारलाई लगानीकर्ताले करेक्सन (धेरै दिन घटेको बजारले दिशा परिवर्तन गरेको) रुपमा विश्लेषण गरेका छन् । सेयर बजारमा पहिलो एक घण्टा नेप्से परिसूचक उच्च अंकले घटेको थियो । त्यसपछि बजार सम्हालियो र उकालो लाग्न थाल्यो । अघिल्लो दिनको तुलनामा कारोबार रकम, कारोबार सेयर संख्या र कारोबार पटकलगायत सूचक बढेका छन् । सोमबार कुल ५१ हजार २९५ पटकको कारोबारमा ४ करोड १७ लाख २५ हजार ३२३ कित्ता सेयर किनबेच भए । ती किनबेचमा ७ अर्ब ४६ करोड ८४ लाख रुपैयाँ बराबरको कारोबार भएको थियो ।

# पाल्पामा माओवादी ...

...आत्मनिर्भर पार्टी, आत्मनिर्भर कार्यकर्ता बनाउन आफूहरु अहिले कृषिमा लागेको सीले उल्लेख गरे । उनले पार्टीले पाल्पामा मात्र नभई देशैभर ३ सय विघामा खेती गर्दै आएको जानकारी दिए । जिल्लाको तिनाउ गाउँपालिका - २ मा पार्टीको नाममा रहेको २३ रोपनी, तानसेन नगरपालिका-५ धरमपानीमा ६ रोपनी र रिब्दीकोटको देउरालीमा समेत कृषि गर्दै आएको उनले बताए । जन कमिटीको अधिनमा रहेर खेती गर्दै आएको पार्टीका सेक्रेटरी सुकुमार सीले बताए । सी कृषि फर्म दर्ता गरेर व्यवसाय थालेको उनले बताए । चन्दा उठाएर खानुभन्दा नेता कार्यकर्ता श्रममा जोडिनु राम्रो भएकाले उत्पादनमा सिङ्गो पार्टी लागेको उनको भनाई छ । उनले भने, "सिङ्गो पार्टी उत्पादनमा लागेको छ । देशभरिमा जमिन लिजमा लिएर कृषि उत्पादनमा लागेका छौँ । यसो गर्दा कसैसँग चन्दा माग्नु पनि परेन । नेता कार्यकर्ताहरू श्रमसँग जोडिएका छौँ । उत्पादन पार्टीमातहत बिक्रीवितरण गरेका छौँ ।"

गत वर्ष १५० मुरी धान, ६० मुरी गहुँ, २० क्विन्टल आलु, उत्पादन गरिएको प्रदेश कमिटी सदस्य तथा उत्पादन विभाग पाल्पाका प्रमुख आकाश सीले बताए । यहाँ उत्पादित बस्तु बिक्रीका लागि कुनै समस्या नभएको उनको भनाई छ । उनका अनुसार खेतबाटै धान, गहुँ लगायतका उत्पादन बिक्री हुने गरेको छ । उत्पादन भएको बस्तुबाट प्राप्त केही आम्दानी श्रम गर्नेले राख्छौं र बाँकी रहेको केही रकम पार्टीको संस्थागत विकासमा राख्ने गरेको उनले सुनाए । लघुवामा स्थानीय १२ घर परिवारको बाँझो जग्गालाई उनीहरुले हराभरा बनाएका छन् । धेरै वर्ष यहाँको जग्गा बाँझो थियो, घाँस उम्रिएर जंगल जस्तै बनेको अवस्थामा उहाँहरु आएर खेती गर्न थालेपछि हराभरा भएको स्थानीय किसान दीपक कुँवरले बताए । उनले अरु किसानलाई पनि खेती गर्नु पर्छ भन्ने सन्देश उहाँहरुले दिनु भएको उल्लेख गरे । ३७ वर्ष भारतमा बसेर नेपाल फर्किएका उनी अहिले त्यही देखेर आफ्नै साढे २२ रोपनी जमिनमा खेती गर्दै आएको बताए । उनले बाँदर, बदेल र दुम्सीले कृषि गर्न समस्या भएकाले त्यसतर्फ सरकारले ध्यान दिनुपर्ने बताए ।

# वनफूलले सिँगारिएको...

...चितवनको माडीका महेश थापाले सामाजिक सञ्जालमा भाइरल भएका तस्बिर र भिडियो देखेर ढोरपाटन घुम्न आएको बताए । गत वर्षदेखि नै ढोरपाटन घुम्न आउने योजना बनाएको भन्दै यसपालि १३ जनाको समूह वनफूल हेर्न आएको उनले सुनाए । चारैतिर फुलेका वनफूल र यहाँको वातावरण निकै मनोरम लागेको थापाको भनाइ छ । दाङको तुल्सीपुरबाट आएका कुलेन्द्र पनेरुले ढोरपाटन आउँदा मन फुरुङ्ग भएको बताए । दाङमा यतिबेला निकै गर्मी रहेको भन्दै ढोरपाटनमा भने निकै चिसो मौसम रहेको सुनाए । यहाँको प्राकृतिक सुन्दरता र हावापानीका बारेमा प्रचार गर्न सके विदेशी पर्यटकलाई सहज रूपमा ल्याउन सकिने उनको भनाइ छ । ढोरपाटनसम्म आउने सडकको केही स्थानमा अप्ठ्यारो हुँदा सास्ती खेप्नुपरेको पनेरुले दुःखेसो पोखे । बुर्तिबाङदेखि ढोरपाटनसम्म करिब ३२ किलोमिटर कच्ची सडकयात्रा गर्नुपर्छ । अहिले बुर्तिबाङ बजारदेखि फल्लेघरसम्मको सडक ग्राभेल भए पनि त्यसभन्दा माथिको खण्डको दुरावस्था छ । जसका कारण पर्यटकले सास्ती खेप्नुपरेको छ । ढोरपाटन नगरपालिकाका उपप्रमुख धनबहादुर कायतले फल्लेघरभन्दा माथिको अप्ठ्यारो सडकलाई व्यवस्थित गर्ने बताए । अहिले कालोपत्र गर्नका लागि सडक फराकिलो बनाउने काम भइरहेको हुँदा केही स्थानमा हिलाम्मे बनेको भन्दै पर्यटकको यात्रालाई सहज बनाउन गेग्रेटा हालेर व्यवस्थित बनाउने उनको भनाइ छ । ढोरपाटनमा आउने संख्या बढेपछि आफूहरू उत्साहित भएको कायत बताउन्छन् ।-*रासस*


## वर्गिकृत डिस्प्ले

*१X५ साइजमा मात्र*

वर्गिकृत डस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्कः ०७५-५२०६०१



# शिक्षक आवश्यकता

**मिति : २०८३/०३/२९**

यस श्री सरस्वती मा.वि. तानसेन ७, सुन्दरगाउँ, पाल्पाको विद्यालय व्यवस्थापन समितिको मिति २०८३/०३/२६ गतेको बैठकको निर्णय तथा तानसेन नगरपालिकाको मिति २०८३/०३/२६ गते च.नं. ३२४७ को सिफारिस र शिक्षा विकास तथा समन्वय इकाई पाल्पाको मिति २०८३/०३/२६ पत्र सं. ०८२/०८३ च.नं. १४२३ को अनुमति पत्रानुसार यस विद्यालयमा रिक्त रहेको तपसिलको पद र सङ्ख्यामा पदपूर्तिका लागि विज्ञापन गर्नु पर्ने भएकाले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूबाट रितपूर्वकको दरखास्त आह्वान गरिन्छ ।

**तपशिल :**
**विज्ञापन नं.:** ०३/०८२/०८३
**पद :** शिक्षक
**तह :** माध्यमिक
**विषय :** गणित
**आवश्यक सङ्ख्या :** १(एक)
**पदपूर्तिको किसिम :** राहत
**तलब स्केल :** नेपाल सरकारको प्रचलित नियमानुसार
**न्युनतम शैक्षिक योग्यता :** गणित विषयमा स्नातक तह वा सोसरह उत्तीर्ण तथा विज्ञान सङ्काय अन्तर्गत भौतिक शास्त्र (Physics) विषय लिई कम्तिमा ३०० पूर्णाङ्कको गणित विषयमा स्नातक उत्तीर्ण । **निवेदन दस्तुर :** रु १५००/- मात्र, **उमेर :** १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको । **दरखास्तको अन्तिम मिति :** २०८३/०४/११ गते सोमबारसम्म विद्यालय समयभित्र ।
**छनौटको किसिम :** लिखित परीक्षा तथा अन्तर्वार्ता ।
**सम्पर्क मिति :** २०८३/०४/१२ गते
**परीक्षा मिति :** सम्पर्क मितिमा तोकिने छ ।
**पेश गर्नुपर्ने कागजातहरू :** नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, शैक्षिक योग्यताका प्रमाणपत्रका प्रतिलिपिहरू, अध्यापन अनुमति पत्रको प्रतिलिपि, हस्त लिखित आवेदन ।
**सम्पर्क नं.:** ०७५-४११०९६, ९८४७०२९५९२, ९८५७०६००३९, ९८४७०२९४६६

**श्री सरस्वती माध्यमिक विद्यालय**
**तानसेन-७, सुन्दरगाउँ, पाल्पा**



**हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।**





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई